नेपाल स्वच्छ वातावरण महाअभियान २०७५

अन्तर्गत

# विश्व सरसफाई दिवस २०१८

## (साप्ताहिक सरसफाई क्रियाकलाप) को प्रतिवेदन

### आ.व. २०७५।०७६





**प्रतिवेदक**

**स.व.अ.श्री नवराज थापा**

**वातावरण शाखा**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,**

**प्रदेश नं. १**

**विराटनगर**


प्रदेश सरकार

सहायक वन अधिकृत

# नेपाल स्वच्छ वातावरण महाअभियान २०७५ अन्तर्गत विश्व सरसफाई दिवस २०१८ को सप्ताहब्यापी क्रियाकलाप संचालन प्रतिवेदन

संघिय सरकारबाट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरलाई हस्तान्तरित सशर्त कार्यक्रम अन्तर्गतको नेपाल स्वच्छ वातावरण महाअभियान २०७५ व.उ.शी.नं. ७०१३४१३०१ (चालु खर्च) को कार्यक्रम खर्च (२२५२२) अन्तर्गत क्र.सं. २.१५.२५.४ को सार्वजनिक स्थल, गाउँ, नगर सरसफाई कार्यक्रम सफल पार्नका लागि संचालित विश्व सरसफाई दिवस २०१८ (Sep. 15, अर्थात भाद्र ३०) को अवसरमा मिति : २०७५।५।२४ देखि २०७५।५।३० सम्म सप्ताहब्यापी सरसरफाई क्रियाकलाप संचालन गरीयो । यस मन्त्रालयबाट आवस्यक रकम विनियोजन गरी प्रदेश नं. १ अन्तर्गतका १५ डिभिजन वन कार्यालयहरुलाई मातहतका कार्यालयहरु तथा अन्य सरकारी, गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी क्रियाकलाप संचालनको लागि पत्राचार गरीयो । यस प्रदेशमा रहेका १४ जिल्ला समन्वय समितिको कार्यालयहरुमा स्थानिय सरकार मार्फत उक्त सप्ताहब्यापी सरसफाई क्रियाकलाप संचालन तथा सम्पन्न गर्नका लागि आवस्यक सहयोग तथा समन्वय गरिदिन अनुरोधसाथ पत्राचार गरियो । उक्त क्रियाकलाप संचालनका लागि मन्त्रालयलाई विनियोजित रकमबाट यस मन्त्रालयले विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, विराटनगरसँगको सहकार्यमा सप्ताहब्यापी सरसफाई क्रियाकलाप संचालन गरी मिति २०७५ भाद्र ३० मा सम्पन्न गरेको विषयमा यो **सप्ताहब्यापी सरसफाई क्रियाकलाप संचालन प्रतिवेदन** तयार पारिएको छ ।

## १. पृष्ठभूमी :

समान्यता विश्व सरसफाई दिवस २४ घण्टाको अवधीभरनै September-Mid (भाद्र अन्तिम) मा संसारभरका मानिसहरु तथा विभिन्न संघ संगठनहरुलाई सशक्तिकरणको माध्यमद्धारा एक अर्कामा जोड्दै फोहोर मुक्त ग्रहको परिकल्पनाको साथ मनाइदै आईरहेको छ । जस बमोजिम यस वर्ष विश्व सरसफाई दिवसको उपलक्ष्यमा मानव इतिहासमा नै पहिलो पल्ट एकै दिनमा विश्वका विभिन्न १५८ वटा देशहरुका करिब १५०,०००,००० (डेढ करोड) मानिसहरु फोहोर संकलनमा सहभागी भएका थिए (www.worldcleanupday.org) । त्यसै गरी नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाई सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाइको दायरा फराकिलो भई प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भई सरसफाईलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ । यस सदर्भमा पूर्ण सरसफाईलाई महत्व दिई कार्यक्रमहरु संचालन गर्न वाञ्छनीय भएकाले नेपाल सरकारबाट समेत नेपाल स्वच्छ वातावरण महाअभियान २०७५ अन्तर्गतको विश्व सरसफाई दिवस २०१८ (September 15, अर्थात भाद्र ३०) लाई लक्षित गरी भाद्र २४ देखि भाद्र ३० सम्म तपशिल बमोजिमको सप्ताहब्यापी क्रियाकलापमा सम्पूर्ण नेपाली जनता, सरकारी तथा गैह्रसरकारी संस्थाहरुलाई सहभागी भई महाअभियानलाई सफल पार्न हार्दिक अपिल गरिएको थियो ।

तपशिल

| दिन | मिति | कार्यक्रम | क्रियाकलापहरु |
|---|---|---|---|
| पहिलो दिन | २०७५।०५।२४ | घर सरसफाई दिवस | हरेक नागरिक सहभागी भई आ-आफ्नो घर प्राङ्गणमा विशेष सरसफाई गर्ने । |
| दास्रो दिन | २०७५।०५।२५ | शैक्षिक संस्था सरसफाई दिवस | सबै शैक्षिक संस्थाहरुमा ब्यवस्थापन समिति, शिक्षक, विधार्थी तथा अविभावकहरुको सहभागीतामा विशेष सरसफाई गर्ने । |
| तेस्रो दिन | २०७५।०५।२६ | सार्वजनिक संस्था सरसफाई दिवस | सबै सार्वजनिक संस्थाहरुमा मुख्यतः त्यहाँ कार्यरत कर्मचारीहरुको सहभागीतामा विशेष सरसफाई गर्ने । |
| चौथो दिन | २०७५।०५।२७ | धार्मिक स्थल सरसफाई दिवस | सबै धार्मिक स्थलहरुमा (मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, अन्य) त्यसको ब्यवस्थापन समितिको अगुवाईमा स्थानिय जनताहरुको सहभागीतामा विशेष सरसफाई गर्ने । |
| पाँचौ दिन | २०७५।०५।२८ | नदीनाला सरसफाई दिवस | सबै साना, ठूला खोला, खोल्सी र नदीनालाहरु स्थानियहरुको जन सहभागीतामा विशेष सरसफाई गर्ने । |
| छैटौं दिन | २०७५।०५।२९ | सडक सरसफाई दिवस | सबै सडक तथा बाटोघाटोहरु स्थानियहरुको जन सहभागीतामा विशेष सरसफाई गर्ने । |
| सातौं दिन | २०७५।०५।३० | वृहत सरसफाई दिवस | सबै स्थानियहरुका केही निश्चत स्थानहरुमा केन्द्रित रही सरसफाईसँग सम्बन्धित विशिष्ट कार्यक्रम संचालन गर्ने । |